# गैडहवा गाउँपालिका
# Gaidahawa Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
गैडहवा-३, रुपन्देही
Gaidahawa-3, Rupandehi लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


मिति २०७९/१०/२९

आ.व.२०७९/०८०

## तरकारी प्रवर्द्धन कार्यक्रम सम्वन्धी सूचना ।

गैडहवा गाउँपालिका कृषि विकास शाखा रुपन्देही बाट आ व २०७९/८० मा प्रदेश सरकारबाट प्राप्त तरकारी प्रवर्द्धन कार्यक्रम सचांलन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तरगतका कृषि समुह/कृषि सहकारी/उपभोक्ता समिती तथा कृषि फर्महरुले मिति २०७९/१०/२९ गते प्रकाशित सुचना अनुसार १५ दिन भित्र (मिति २०७९/११/१४ गते भित्र) कार्यालयले उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्तावित क्रियाकलापहरुको आधारभुत तथ्याकं फारम भरी तपशिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचना द्वारा जानकारी गराईन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | तरकारी प्रवर्द्धन कार्यक्रम | • पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाइ पूर्वाधार, लगायतका कार्य।<br>• औजार/उपकरण आदि खरिद/निर्माण।<br>• उत्पादन सामग्री र बजारीकरण। | ३ हेक्टर | • यन्त्र, उपकरण तथा उत्पादन सामाग्रीमा ५० प्रतिशत |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (अनुसूचि ३४ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३७ वा ३८ बमोजिम)।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० वर्ष वा तोकिएको अवधिको) करार पत्र।

नोटः थप जानकारीका लागि गैडहवा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नुहोला।

२०७९/१०/२९
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

Email: gaidahawagaupalika@gmail.com , website: www.gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# Gaidahawa Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
गैडहवा-३, रुपन्देही
Gaidahawa-3, Rupandehi लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


**साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्वन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित** मितिः २०७९/१०/२९

गैडहवा गाउँपालिका कृषि विकास शाखा रुपन्देही बाट आ व २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना व्यवस्थापन इकाई खुमलटार ललितपुरबाट प्राप्त राष्ट्रीय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तु अन्तर्गत **गहुँ बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** सचांलन गर्नुपर्ने भएकोले उक्त पकेट कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तरगतका कृषि समुह/कृषि सहकारी/जल उपभोक्ता समिती तथा कृषि फर्महरुले मिति २०७९/१०/२९ गते प्रकाशित सुचना अनुसार ७ दिन भित्र (मिति २०७९/११/०६ गते भित्र) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची-६ अनुसारको आवेदन र अनुसुची-७ अनुसारको आधारभुत तथ्यांक फारम भरी तपशिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचना द्वारा जानकारी गराईन्छ ।

**पकेट कार्यक्रम सचांलनका न्युनतम मापदण्डहरु**

| क्र स | बाली /बस्तु | इकाई | न्युनतम क्षेत्रफल वा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गहुँ बाली | हेक्टर | २० | एउटै क्लष्टरमा हुनुपर्नेछ |

<u>तपशिल</u>

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१- कृषक समुह/कृषि सहकारी /जल उपभोक्ता समिती तथा कृषि फर्मले दर्ता प्रमाण पत्रको प्रतिलिपि नियमानुसार नविकरण/सुचिकृत भएको ।
२- पकेट माग सम्बन्धि सस्थांगत निर्णयको प्रतिलिपि ।
३- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
४- वडा कार्यालयको सिफारीस ।
५- अडिट रिपोर्ट तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी ।
६- कार्यक्रममा सहभागीहरुको नागरीकताको प्रतिलिपि ।
७- अनुसुची-६ अनुसारको निबेदन तथा अनुसुची-७ अनुसारको विवरण फारम भरी पेश गर्नु पर्ने ।
८- कार्यक्रम सचांलन हुने स्थान जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलीपी ।

बिस्तृत जानकारीका लागिः गैडहवा गाँउपालिका कृषि विकास शाखा गैडहवा -३ विष्नुपुरा रूपन्देहीमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्बरः- ९८६७४२३२१६/ ९८५७०३९२८२/ ९८६७७४८४७५

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# गैडहवा गाउँपालिका
# Gaidahawa Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
गैडहवा-३, रुपन्देही
Gaidahawa-3, Rupandehi लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


### अनुदान कार्यक्रममा सहभागी हुनकालागी आबेदन पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७९/१०/२९

प्रस्तुत विषयमा चालु आ व २०७९/०८० मा यस गैडहवा गाउँपालिकाको स्विकृत कार्यक्रम अन्तरगत तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक कृषक /कृषक समुह/ कृषि सहकारी / कृषिं फर्महरुले सुचनामा माग भएका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७९/११/१४) निर्धारीत ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| क्र स | कार्यक्रमको नाम | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|
| १ | साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान कार्यक्रम (कृषि तर्फ मात्र) | -कार्यलयले उपलब्ध गराएको ढाँचामा आवेदन फारम<br>-नागरीकताको प्रतिलिपी<br>- सम्बन्धित वडाकार्यालयको सिफारीस पत्र । | मोटर, पम्पसेट सानो, पम्पसेट, मिनिटिलर र स्प्रे टंकी २ ईन वान मा ५० प्रतिशत अनुदानमा। |
| २ | युवा लक्षित तरकारी खेति कार्यक्रम | - कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्य योजना ढाँचा<br>- निवेदन<br>- प्रस्तावकको नागरिकताको प्रतिलिपी<br>- सम्बन्धित वडा कार्यालयको सिफारीस<br>-कार्यक्रम संचालन हुने स्थान जग्गाको स्वमित्व खुल्ने कागजातको प्रतिलिपी। | - न्युनतम ५ कठ्ठामा तरकारी खेति गरेको हुनुपर्ने छ।<br>- काम सम्पन्न पश्चात पुंजिगत सामाग्रीमा मात्र अनुदान दिईनेछ। |
| ३ | साना सिंचाई कार्यक्रम | - कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना सहित निवेदन<br>- स्थाई लेखा नं. को प्रतिलिपी (सहकारीको हकमा)<br>- समुह/सहकारीको दर्ताप्रमाण पत्र प्रतिलिपी<br>- सहभागिको नागरीकता र जग्गाको स्वामित्व खुल्ने प्रमाणपत्रको प्रतिलिपी<br>- समुह /सहकारीको निर्णयको प्रतिलिपी<br>- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र<br>- कर चुक्ता प्रमाण पत्र प्रतिलिपी ( सहकारीको हकमा) | व्यवसायिक कृषक / कृषक समुह / कृषि सहकारी / कृषि फर्महरु लाई प्राथमिकता दिईनेछ । |

नोटः थप जानकारीका लागि गैडहवा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राख्नुहोला।

२०७९/१०/२९
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत